नेपाल सरकार

स्वास्थ्य तथा जनसंख्या मन्त्रालय

SitRep #४९

# कोरोनाभाइरस रोग (COVID-19) सम्बन्धी स्वास्थ्य क्षेत्रको प्रतिकार्य

आइतबार | १६ चैत्र २०७६ (२९ मार्च २०२०)

कोभिड-१९ को महामारी चीनको हुबेई प्रान्तबाट डिसेम्बर २०१९ मा सुरू भएको थियो । चैत्र १५ गते सम्ममा यो रोग ५७५४४४ जनामा फैलीसकेको छ भने यस रोगका कारण २६६५४ जनाको मृत्यु भैसकेको छ । यो रोग विश्वका २०१ वटा देश/ क्षेत्रहरूमा देखिएको छ ।

| २२ पौष २०७६ | १६ माघ २०७६ | २८ फागुन २०७६ |
|---|---|---|
| नोभल कोरोना भाइरसको पहिचान | Public Health Emergency of International Concern (PHEIC) घोषणा | कोभिड-१९ लाई विश्वव्यापी महामारी (Pandemic) को रूपमा वर्गिकरण |

## COVID-19 का सम्बन्धमा नेपालको वर्तमान स्थिति:

| केस | कुल जम्मा | नयाँ |
|---|---|---|
| जम्मा परिक्षण | ९१७ | ४२ |
| पोजेटिभ | ५ | ० |
| उपचार पछि सन्चो भएको | १* | ० |
| नेगेटिभ | ९१२ | ४२ |
| *(१६ चैत्र २०७६, २:०० बजे) सम्म* | | |

*पहिलो केस: ०९ माघमा परिक्षण गरेको; हाल निको भएको

बाँकी संक्रमित व्यक्तिहरू चिकित्सकको नियमित निगरानीमा रहेका र हाल सम्म नीजहरूको स्वास्थ्य अवस्था सामान्य रहेको ।

## मुख्य प्रतिकार्यहरू:

- सर्वसाधारणको सुविधाका लागि कोरोना भाइरस रोग तथा सो को निदान एवम् उपचार सम्बन्धमा परामर्श प्रदान गर्न विहान ८:०० बजे देखि बेलुका ८:०० बजेसम्म हटलाईन सेवा (९८५१२५५८३९, ९८५१२५५८३७, ९८५१२५५८३४) संचालनमा छ ।

साथै नेपाल टेलिकम र एन. सेल प्रयोगकर्ताहरूका लागि ३० फागुन २०७६ देखि बिहान ६ बजे देखि साँझ १० बजे सम्म नि:शुल्क "कोभिड-१९ कल सेन्टर" संचालित छ । यो सेवाका लागि "१११५" मा डायल गर्नुहोस् ।

साथै नेपाल टेलिकम र एन. सेल प्रयोगकर्ताहरूका लागि १५ चैत्र २०७६ देखि २४ सै घण्टा नि:शुल्क "कोभिड-१९ कल सेन्टर" संचालित छ । यो सेवाका लागि "११३३" मा डायल गर्नुहोस् ।

- श्रीमान् सचिबज्यूको कमाण्डमा स्वास्थ्य आपतकालीन कार्यसंचालन केन्द्रमा एकिकृत कमाण्ड तयार गरी "इन्सीडेन्ट कमाण्ड सिस्टम" सक्रिय भएको ।
- कोभिड-१९ Confirm पाँचौ केसको Contact tracing कार्य शुरू गरिसकिएको साथै स्थानीय रूपमा थप कन्टाक्ट ट्रेसिंगको लागि प्राविधिक सहजीकरण गर्न चिकित्सक सहितको २ वटा टोली खटाइएको ।

२ वटा टोली मध्ये एउटा टोलीद्वारा आन्तरिक र अन्तराष्ट्रिय फ्लाइटबाट सँगै यात्रा गरेका यात्रुहरु सँग कन्टयाक्ट ट्रेसिंगको कार्य गरिरहेको र अर्को चिकित्सक सहितको टोली स्थानीय रूपमा थप कन्टाक्ट ट्रेसिंगको लागि प्राविधिक सहजीकरण तथा अस्पताललाई आवश्यक पर्ने Logistics सहित बाग्लुंग तर्फ परिचालन भएको ।

- कोभिड-१९ सम्बन्धी अधिकारिक सूचना तथा जानकारीहरूको लागि Interactive App (https://covid19.mohp.gov.np/) को सुरुवात गरिएको छ ।



विश्वव्यापी महामारीको रुपमा फैलिरहेको कोरोना भाइरस रोग (कोभिड-१९) को रोकथाम र व्यबस्थापन कार्यका लागि आवश्यक पर्ने सामाग्रीहरु काठमाडौं स्थित छिमेकी राष्ट्र चीनको दुतावासले नेपाल सरकार, स्वास्थ्य तथा जनसंख्या मन्त्रालयलाई सहायता स्वरूप हस्तान्तरण गरेको छ ।

**Designated अस्पतालहरूमा संकास्पद बिरामीहरुको अवस्था**

| अस्पताल | आइसोलेशनमा उपचारत बिरामीहरूको संख्या | उपचार पछि घर फर्केका | आइ.सि.यु |
|---|---|---|---|
| शुक्रराज ट्रपिकल तथा सरुवा रोग अस्पताल | ५ | १ | ० |
| पाटन अस्पताल | ६ | ० | ० |
| शसस्त्र प्रहरी बल अस्पताल (COVID-19 Unified Command Hospital) | ० | ० | ० |
| कान्ति बाल अस्पताल | १ | ० | ० |
| जम्मा | १२ | १ | ० |

*अध्यावधिक मिति: २०७६ चैत्र १६ गते; बिहान ११:०० बजे सम्म*

**दैनिक रूपमा अस्पतालबाट EWARS reporting**

EWARS रेपोरटिङ अस्पताल - ११८ sentinal sites

| मिति | ILI/ SARI Cases | कोभिड-१९ संकास्पद केस |
|---|---|---|
| २५ मार्च | ५६ | १७ |
| २६ मार्च | ३५ | ११ |
| २७ मार्च | १५ | ८ |
| २८ मार्च | २३ | २ |

*अध्यावधिक मिति: २०७६ चैत्र १६ गते; दिउसो १:०० बजे सम्म*